# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६ ] काठमाडौं, फागुन २३ गते २०३३ साल [ अतिरिक्ताङ्क ४५

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको

### सूचना

श्री ५ महाराजाधिराजबाट प्रचलित नेपाल कानूनमा विशेष गरी फौजदारी देवानी वाणिज्य तथा प्रमाणसम्बन्धी कानूनहरूमा भैरहेको अभाव र त्रुटीहरू हटाई भरि-शक्य सरल, वैज्ञानिक र व्यवहारिक रूप दिई छुट्टा छुट्टै ऐनहरूको तर्जुमा गर्न २०२६ साल जेष्ठ १६ गते गठन गरिबक्सेको कानून आयोगले "प्रमाण ऐन" र "अपराध संहिता" मसौदा र तत्सम्बन्धी प्रतिवेदन चढाइसकेको र अपराध कार्यविधि संहिता मसौदालाई अन्तिमरूप दिन २०३३ मार्ग २० मा आयोगकै सदस्य श्री विश्वनाथ उपाध्यायको अध्यक्षतामा मसौदा तयार गर्न लगाइबक्सेकोमा सो अपराध कार्यविधि संहितासम्बन्धी प्रतिवेदन तयार भै मिति २०३३।१०।२२ मा मौसूफ सरकारका जुनाफमा चढाएको हुनाले मौसूफ सरकारबाट उपर्युक्त कानून आयोगलाई आजका मितिदेखि विघटन गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१०१०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।